का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ माघ २०८१,
बिहीबार
6 February, 2025
Thursday

मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com


# लगातार असहमति



निमिष झा/मध्यान्ह
काठमाडौं, २३ माघ ।

नेपाली कांग्रेसका ७७ जिल्लाका पार्टी सभापति र प्रशिक्षण शाखा प्रमुखहरू पार्टीको संगठनात्मक गतिविधि र समसामयिक मुद्दाका विषयमा छलफल गर्न मंगलबार र बुधबार पोखरामा भेला भए ।

भेलामा सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापासहित शीर्ष नेताहरू सहभागी भए । तर, पार्टीका अर्को शीर्ष नेता डा. शेखर कोइराला भने देखिएनन् । उनी मात्र होइन, पूर्वपदाधिकारीहरू कसैलाई पनि भेलामा बोलाइएन ।

भेलामा पार्टीको आगामी महाधिवेशन, नेतृत्व निर्माण, सरकारमा कांग्रेसको सहभागिता तथा रणनीतिगत छलफल भएको छ । साथै, गठबन्धन सरकारका काम र पार्टी सुदृढीकरणका लागि जिल्ला सभापतिहरूलाई प्रशिक्षण र अभिमुखीकरण दिइएको हो ।

### शेखर छुटे कि छुटाइए ?

पार्टीले पोखरामा आयोजना गरेको ७७ जिल्लाका पार्टी सभापति र प्रशिक्षण शाखा प्रमुखहरू भेला भएको कार्यक्रममा शीर्ष तहका नेताहरू सहभागी भए पनि नेता कोइराला अनुपस्थित थिए । कोइरालाका अनुसार उनलाई भेलामा उपस्थित हुन आमन्त्रण नै गरिएन । पोखरामा कोइरालालाई नबोलाइए पनि उनले पार्टीको बैठकहरूमा पनि अनुपस्थित हुँदै आएका छन् । यसअघि उनी संसदीय दलको बैठक र पदाधिकारी बैठकमा पनि अनुपस्थित रहँदै आएका छन् ।

सभापति देउवाले पार्टीभित्र एकताको कुरा गरिरहँदा आफ्ना प्रतिद्वन्द्वी ठानेका कोइरालालाई नबोलाएर उनीप्रति अझै तुष रहेको संकेत गरे ।

'पार्टीभित्र एकता कायम भए आगामी निर्वाचनमा कांग्रेसले बहुमत ल्याउँछ', भेलाको उद्घाटन गर्दै देउवाले भनेका थिए, 'सबै पार्टीका साथीहरूमा एकता भयो भने भोलिका दिनमा हामी बहुमत प्राप्त गर्न सक्ने पार्टी पनि बन्न सक्छौं ।' पार्टीभित्र एकता खोज्ने देउवाले कोइरालालाई पोखरा भेलामा किन बोलाएनन् ? नेता तथा कार्यकर्तामा चासो प्रकट भएको छ । उनीहरूले पोखरामा कोइरालाको अनुपस्थितिलाई अर्थपूर्ण रूपमा लिएका छन् ।

सभापति देउवा र पार्टीका अधिकांश पदाधिकारीसहितका नेताको जमघट हुँदा आफूलाई छुटाइएको कोइरालाले जनाएका छन् । पार्टीले राखेको ठूलो कार्यक्रममा निम्तो नै नगएपछि आफू नगएको कोइरालाले बताए ।

'पार्टीले देशभरका प्रदेशको नेतृत्व, जिल्ला सभापतिदेखि शीर्ष नेतालाई पृष्ठ २ मा



'प्रदेशका जिल्ला सभापति र उपसभापति, केन्द्रीय पदाधिकारीलाई बोलाइएको हो । तर, पूर्वपदाधिकारी र केन्द्रीय सदस्यलाई बोलाइएको थिएन'

■ मीन विश्वकर्मा
प्रमुख, प्रचार विभाग

# खर्च कटौती गर्दै सरकार

**सरकारी कार्यालयहरूले आवश्यकताभन्दा बढी साधन स्रोतको प्रयोग गर्न नपाउने, अत्यावश्यकबाहेकका कार्यक्रमहरूमा खर्च कटौती गर्ने, भ्रमण तथा तालिमका नाममा हुने अनावश्यक खर्चसमेत कटौती मापदण्डले गरेको छ**

छबि सापकोटा/मध्यान्ह
काठमाडौं, २३ माघ ।



सरकारी कामकाजको नाममा अनावश्यक खर्च गर्ने प्रवृत्ति बढ्दो छ । सरकारले मापदण्ड ल्याएर सार्वजनिक खर्च कटौती गर्दै आएको छ । सरकारी खर्चमा अनिमियता बढ्दै गएपछि सरकारले सार्वजनिक खर्च कटौती मापदण्ड लागू गरेको छ । राजस्व संकलन कम हुँदा स्रोत व्यवस्थामा चाप पर्न थालेपछि सरकारले सार्वजनिक खर्चलाई मीतव्ययी बनाउन नयाँ मापदण्ड, २०८१ पारित गरेको हो । सार्वजनिक खर्च मीतव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्डमा नयाँ सवारी साधन खरिदमा रोकदेखि गोष्ठी, सेमिनार र आतिथ्य खर्च, भत्ता जस्ता शीर्षकमा खर्च गर्न नपाउने व्यवस्था गरिएको हो ।

सरकारले सरकारी तवरबाट हुने खर्चमा देखिएको अनिमियता बढ्दा आर्थिक दायित्व सृजना हुने विषयमा मापदण्ड ल्याएर खर्च कटौती गर्न खोजेको छ । बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले सार्वजनिक खर्चलाई मीतव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ मा उच्च पदाधिकारीका लागि नयाँ सवारी साधन खरिदमा रोक लगाएको छ भने पहिले नै खरिद भइसकेका सवारी साधनको उचित व्यवस्थापन तथा मर्मत सम्भारलाई प्राथमिकता दिनुपर्ने छ ।

यस्तै, सरकारी कार्यालयहरूले आवश्यकताभन्दा बढी साधन स्रोतको प्रयोग गर्न नपाउने, अत्यावश्यकबाहेकका कार्यक्रमहरूमा खर्च कटौती गर्ने, भ्रमण तथा तालिमका नाममा हुने अनावश्यक खर्चसमेत कटौती मापदण्डले गरेको छ । मापदण्डमा सरकारी निकायमा कर्मचारीले प्रयोग गर्नेगरी खरिद गरिएको ल्यापटप, आईप्याड, मोबाइल जस्ता विद्युतीय उपकरण न्यूनतम ५ वर्षसम्म प्रयोग गर्नुपर्ने, पुराना फर्निचर, मेसिनरी औजारलगायतका सामग्री मर्मत गरी प्रयोगमा ल्याउन नसकिने अवस्थामा प्रचलित कानुनबमोजिम लिलाम बिक्री नगरेसम्म नयाँ खरिद गर्न नपाइने व्यवस्था गरिएको छ ।

यस्तै, हेलिकोप्टर प्रकोप, उद्धार, शान्ति सुरक्षा र विशेष सरकारी समारोहमा अतिविशिष्ट पदाधिकारी सहभागी हुनुपर्ने अवस्थामा बाहेक हेलिकोप्टर भाडामा लिन नपाइने व्यवस्था गरिएको छ ।

सरकारी निकायको जनशक्तिबाट सम्पादन हुने कामका लागि बाह्य परामर्श सेवाबाट काम गर्न वा गराउन रोक लगाइएको छ । आन्तरिक तथा वैदेशिक भ्रमणमा अन्तर्राष्ट्रिय संगठनबाट आयोजना हुने बैठकका लागि वैदेशिक भ्रमणमा जानुपरेमा अर्थ मन्त्रालयको पूर्वसहमति दिनुपर्ने मापदण्डमा उल्लेख छ ।

सरकारी कामको सिलसिलामा अनुगमन तथा भ्रमणमा जाँदा कामसँग सम्बन्धित कर्मचारीबाहेक अन्य व्यक्तिलाई लैजान पाइने छैन ।

यस्तै, निजी सवारी चालक, भान्से, निजी सहायकलगायतको सुविधाबापतको रकममा सुरु पारिश्रमिकबाहेक महँगी भत्ता, पोसाक, चाडपर्व खर्चलगायत अन्य कुनै प्रकारको सुविधा नपाउने व्यवस्था मापदण्डमा छ ।

# 'संविधानका धारा होइन, आफ्नो पारा फेर्नुस्'

दलीय व्यवस्थामा दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि इमान्दार हुन्छ र उसले इमान्दारीपूर्वक शासन गर्छ भनेर नै अहिलेको प्रणाली ल्याइएको हो



मध्यान्ह संवाददाता
काठमाडौं, २३ माघ ।

बुधबार राष्ट्रियसभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठक बस्यो । बैठकको एजेन्डा थियो- नेपालको निर्वाचन प्रणालीका सम्बन्धमा निर्वाचन आयोगको धारणा ।

त्यसका लागि समितिले निर्वाचन आयोगका पदाधिकारीहरूलाई डाकेको थियो, जहाँ प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निर्वाचन प्रणालीबारे सविस्तार व्याख्या गरे ।

समितिका सदस्यहरूले निर्वाचन प्रणालीमाथि विभिन्न सन्दर्भ उठाए । निर्वाचन प्रणालीका कारण बहुमत आउने अवस्था नरहेको विषयमा उनीहरूले सवाल-जबाफ गरे ।

प्रमुख आयुक्त थपलियाले निर्वाचन प्रणालीले बहुमत नल्याउने भन्ने कुरा खारेज गरे ।

'संविधानमा त कुनै पनि दलले बहुमत ल्याउन नपाउने लेखेकै छैन । जति ल्याए पनि पाउने भनेको छ । राम्रो विचार, नीति, सिद्धान्त, कार्यक्रम ल्याएर समानुपातिकमा ६० प्रतिशत मत ल्याइदियो भने कानुनले कहाँ रोक्छ र !', समितिका सदस्यहरूले उठाएको सन्दर्भको व्याख्या गर्दै उनले भने ।

उनले दलीय व्यवस्थामा दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि इमान्दार हुन्छ र उसले इमान्दारीपूर्वक शासन गर्छ भनेर नै अहिलेको प्रणाली ल्याइएको उनले बताए । 'तर, नेपालमा भने उल्टो भइरहेको छ', उनले भने । थपलियाले संविधानको धारा नभई आफ्नो पारा फेर्नुपर्ने र प्रणाली नभई प्रवृत्ति फेर्न जरुरी रहेको बताए ।

'दलीय व्यवस्थामा दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि इमान्दार हुन्छ । अरू कोही बेइमान हुन सक्छ । उसले इमान्दारीपूर्वक शासन गर्छ भनेर ल्याएको प्रणाली हो यो । तर, यहाँ ठ्याक्क उल्टो भएको छ । मूल कुरा संविधानको धारा होइन, आफ्नो पारा फेर्नुपर्‍यो । कुनै प्रणाली होइन, हाम्रो प्रवृत्ति फेर्नुपर्‍यो अनि मात्र हामी जान सक्छौं', थपलियाले भने । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा बढेको तलब पाउने ४३ लाख कामदार

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, मलेसिया, २३ माघ ।

मलेसियामा यसै महिनादेखि बढेको तलब पाउने कामदारको संख्या ४३ लाख हाराहारीमा हुने अनुमान गरिएको छ । यससँगै वृद्धि भएको श्रमिकको न्यूनतम तलबले अर्थतन्त्रलाई तीव्रता दिनेदेखि महँगी बढाउने बहस एकसाथ सुरु भएको छ ।

विज्ञहरूले न्यूनतम तलब १ हजार ५०० रिंगेटबाट १ हजार ७०० रिंगेट पुगेकाले स्वदेशीसहित विदेशी कामदारको क्रय शक्ति बढ्ने अपेक्षा गरिएको बताएका छन् । मलेसियामा स्वदेशी तथा विदेशी कामदारको एउटै तलव स्केल कायम गरिएको छ । मलेसियाको युनिभर्सिटी केबाङ्सान मलेसिया (यूकेएम)का विकास, सामाजिक र वातावरण अनुसन्धान केन्द्रका अध्यक्ष प्रोफेसर डा. नोभेल लिन्डनले तलब वृद्धिले अप्रत्यक्ष रूपमा खर्चहरू व्यवस्थापन गर्न सक्षम पार्दै श्रमिकको जीवनको गुणस्तरमा सुधार ल्याउने बताए ।

कतिपयले तलबमा गरिएको वृद्धिले स्थानीय युवाहरूलाई रोजगारीमा आकर्षित गर्ने र विदेशी कामदारको निर्भरता घटाउने टिप्पणी गरेका छन् । तलब वृद्धिले बिक्री र सेवा कर (एसएसटी) संकलनमार्फत सरकारी राजस्व बढाउने र मूल्य बढ्ने आँकलन पनि उनीहरूले गरेका छन् ।

तलब वृद्धिपछि यसै महिनादेखि मलेसियामा काम गर्ने नेपालीले अघिल्लो महिना जनवरीको तुलनामा मासिक ६ हजार २४३ रुपैयाँले थप गरेर न्यूनतम ५३ हजार ४३ रुपैयाँ पाउने छन् । जनवरीसम्म उनीहरूले मासिक न्यूनतम तालब ४६ हजार ८०० पाउँदै आएका छन् ।

मलेसियामा पहिलोमा बंगलादेशी, दोस्रोमा इन्डोनेसियाली र तेस्रोमा नेपाली कामदारको संख्या छ । सेप्टेम्बरसम्म बंगलादेशी ९ लाख ३४ हजार ५४२, इन्डोनेसियाली ५ लाख ९५ हजार ८११ र नेपाली ३ लाख ९९ हजार ६१४ जना छन् ।

पारिश्रमिक वृद्धिपछि मलेसियाबाट हाल नेपाल गइरहेको रेमिटचान्समा प्रतिमहिना २ अर्ब ५० करोड र वार्षिक ३० अर्ब रुपैयाँले वृद्धि हुने अपेक्षा छ । १ फेब्रुअरीदेखि बढेको तलब पूर्ण रूपमा लागू गर्न/गराउन गृह मन्त्रालय र श्रम मन्त्रालयले सबै रोजगारदाता कम्पनीलाई कडा निर्देशन दिँदै वृद्धि पृष्ठ २ मा

## अब विदेशबाट पनि श्रम स्वीकृति

काठमाडौं/मस- विदेशबाट पनि सरकारले श्रम स्वीकृति दिन थालेको छ । मस्कटस्थित नेपाली दूतावासले ओमानको सलालाबाट गत शुक्रबारदेखि यस्तो सेवा थालेको हो । गत शुक्रबार र शनिबार सलालामा आयोजना भएको राजदूतसँग प्रत्यक्ष संवाद, श्रमिक सचेतना, वित्तीय साक्षरता, सामाजिक सुरक्षा कोषमा आवद्धता तथा पासपोर्ट-कन्सुलरसम्बन्धी विशेष कार्यक्रममा श्रम स्वीकृति पनि प्रदान गरिएको दूतावासले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

विभिन्न माध्यमबाट ओमान पुगेका तर श्रम स्वीकृति नभएका नेपालीलाई राजदूत डोरनाथ अर्याल र वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले संयुक्त रूपमा श्रम स्वीकृति प्रदान गरे ।

त्यस अवसरमा राजदूत अर्यालले नेपाली श्रमिकहरूको हकहित संरक्षणका लागि हरेक किसिमको सहयोग गर्न तत्पर रहेको बताए भने महानिर्देशक खत्रीले श्रम स्वीकृतिबिना विदेश आउँदा हुने समस्याबारे सचेत गराएको दूतावासको विज्ञप्तिमा उल्लेख छ ।


हार्दिक निमन्त्रणा

आदरणीय सम्पूर्ण लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायीज्यूहरू !

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न ३१औं साधारण सभासहितको निर्वाचनमा भाग लिन नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको तर्फबाट घोषणा गरिएको टिममा सबै लोकतान्त्रिक पक्षधर साथीहरुको सहमति नभएको र अन्योल रहेको अवस्था तथा लोकतान्त्रिकका तर्फबाट आकांक्षी ७ जनामध्येका ६ जना एकातर्फ रहँदा एकलौटी ढंगले गरेको निर्णयप्रति आम व्यवसायी तथा नेपाली कांग्रेस पार्टीमा समेत चासोको विषय रहेकोले पटक-पटक हामीबीचको गुटगत र फुटगत विषयले संघको नेतृत्व लिन नसकेको अवस्थामा लोकतान्त्रिक एसोसिएसनका धेरैजसो पूर्वअध्यक्ष, व्यवसायीज्यूहरुको छलफल, सुझाव, भेलाबाट निर्णय लिनुपर्ने भएको हुँदा तपसिल बमोजिम मिति, स्थान र समयमा एशोसिएसनमा आबद्ध वैदेशिक रोजगार व्यवसायीज्यूहरुमा अनिवार्य उपस्थितिका लागि विशेष अनुरोध गर्दछौं ।

तपशिल

मिति :- २०८१-माघ-२४ गते (आजै)
समय :- ४:०० बजे
स्थान :- अनुपम फुडल्यान्ड, गौशाला
आयोजक :- अध्यक्षका आकांक्षीहरु
कुमुद खनाल, प्रज्ञान न्यौपाने, सुजितकुमार श्रेष्ठ, चिरन्जीवि बस्याल, किशोरकुमार के.सी. तथा मेघनाथ भुर्तेल

## लगातार...

बोलाएर पोखरामा कार्यक्रम गऱ्यो तर मलाई बोलाइएन', शेखरले भने, 'पार्टीले नबोलाएपछि ठूलो कार्यक्रम छ भनेर त्यत्तिकै जाने कुरा हुँदैन । यसैले म गइनँ ।'

शेखरले आफ्नो व्यक्तिगत सवाल मात्र नभएको भन्दै पोखरा घटना कांग्रेसका लागि विडम्बना भएको बताए ।

पोखरामै पुगेर पनि सभापतिसहितका नेताले पार्टीलाई एक ढिक्का बनाउनुपर्ने बताएका तर व्यवहार उल्टो गरेको शेखरको टिप्पणी छ ।

नेता कोइरालाले पार्टीको १४औं महाधिवेशनमा शेरबहादुर देउवाविरुद्ध सभापतिमा प्रतिस्पर्धा गरेका थिए । त्यसयता देउवा उनीप्रति असहिष्णु रहँदै आएका छन् । 'पार्टीका ७ प्रदेश सभापति, उपसभापति, जिल्ला सभापति र उपसभापतिका लागि पोखरामा आयोजित अभिमुखीकरण कार्यक्रम निकै राम्रो हुँदाहुँदै पनि उदेकलाग्दो देखियो', कोइराला निकट नेता गुरुराज घिमिरेले बताए ।

उनले भने, 'यसले पार्टी परम्परा र संस्कारलाई बलपूर्वक भत्काउने कोसिस गरेको छ । यसअघि कोशी प्रदेशमा यस्तै अभ्यास गरिएको थियो । यस्ता अभ्यासले पार्टीको बागडोर लिएका जिम्मेवार नेतृत्व गणलाई हामीले जे गरे पनि हुन्छ भन्ने अभिमानलाई झल्काएको छ र आउने पुस्तालाई अराजक बन्न प्रेरित गर्छ', घिमिरेले सामाजिक संजाल फेसबुकमा लेखेका छन् ।

घिमिरेले पार्टीभित्रको आफ्नो प्रतिस्पर्धीलाई सँगै लिएर हिँड्न नसक्नु नेतृत्वको असफलता भएको टिप्पणी गरे । पार्टी आयोजनामा भएको कार्यक्रमलाई गुट भेलामा परिणत गर्न खोज्ने र आफूलाई अरूभन्दा गतिलो ठान्नेहरू समेत चुइँक्क बोल्न नसकेको देख्दा राम्रो जग हँसाइ भएको पनि उनले टिप्पणी गरे ।

तर, प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पूर्वपदाधिकारी र केन्द्रीय सदस्यबाहेकलाई मात्र कार्यक्रममा बोलाइएको बताए ।

'प्रदेशका जिल्ला सभापति र उपसभापति, केन्द्रीय पदाधिकारीलाई बोलाइएको हो । तर, पूर्वपदाधिकारी र केन्द्रीय सदस्यलाई बोलाइएको थिएन', विश्वकर्माले भने, 'शेखर मात्र होइन, अन्य पूर्वपदाधिकारी र केन्द्रीय सदस्यले पनि यस्तै गुनासो गर्नुभएको छ । नियतवश उहाँलाई मात्र नबोलाइएको होइन ।'

१४औं महाधिवेशनमा ४० प्रतिशत मत ल्याएको पक्षका नेतालाई बेवास्ता गरिएपछि कोइराला समूह असन्तुष्ट बनेको छ ।

सभापतिको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी बनेपछि उनलाई दोस्रो वरीयताको नेता दिनुपर्ने माग उक्त पक्षले गर्दै आएको छ । तर, संस्थापनले उनलाई बेवास्ता गर्दै आएको छ । महाधिवेशनको ४० प्रतिशत हिस्सालाई बेवास्ता गरिएको भन्दै कोइराला पक्ष आक्रामक बन्दै आएका छन् । यसअघि विराटनगरमा २४ मंसिरमा भएको कोशी प्रदेशस्तरीय भेलामा आफूलाई दोस्रो वरीयता नदिएको भन्दै कोइरालाले उक्त कार्यक्रम नै बहिष्कार गरेका थिए ।

कोइराला १५औं महाधिवेशनमा फेरि सभापतिमा प्रतिस्पर्धा गर्ने तयारी गरेका छन् । यसका लागि उनले देशव्यापी अभियान नै सुरु गरेका छन् । अभियानअन्तर्गत कोइरालाले कोशी र सुदूरपश्चिममा कार्यक्रम सम्पन्न गरिसकेका छन् । कर्णाली, मधेश र बाँकी प्रदेशमा कार्यक्रम गर्ने उनको तयारी छ ।

महाधिवेशनको मिति अहिले तोकिएको छैन तर कांग्रेसभित्र अबको नेतृत्व र पदाधिकारीबारे बहस सुरु भइसकेको छ ।

पोखरामा कोइराला उपस्थित नभएपछि सहभागी केही नेताहरूले उनको खोजी पनि गरेका थिए । कोइराला निकट नेता देवराज चालिसेले भने, 'निम्ता नै गरिएन या ढिला गरी निम्तो गरिएको हुन सक्छ । तर, उहाँ भेला नहुँदा कांग्रेसको विचारले पूर्णता नपाएजस्तो देखिँदो रहेछ ।'

### विराटनगरको बदला

२४ मंसिरमा कांग्रेस कोशी प्रदेश समितिको पहिलो सम्मेलन भएको थियो । त्यहाँ कोइराला देखिएनन् । कोइरालाको निकै खोजी भयो ।

कोइराला अनुस्थित भएपछि संस्थापन पक्षले त्यसलाई 'बहिस्कार र अनुशासन'को रूपमा अर्थ्याए । कोइराला पक्षीय नेताले भने 'सम्मानजनक व्यवहार' नभएको कारण दिए ।

विराटनगर कोइरालाको गृह शहर हो । कोइराला कार्यक्रम 'बहिस्कार' गरी सोही दिन चितवनमा अर्को कार्यक्रममा सहभागी भए ।

कोइराला कार्यक्रममा सहभागी नभएको विषयमा कांग्रेस संस्थापन नेताहरूले आ-आफ्नो ढंगले टीका टिप्पणी गरे ।

कोइरालालाई कार्यक्रममा सहभागी गराउन पार्टीको प्रदेश समितिले खासै वास्ता र समन्वय नगरेको कोइराला पक्षीय नेताहरूको दाबी छ ।

त्यसअघि कोइराला पक्षले पालिका सभापतिहरूको भेला गरेको थियो । त्यसलाई रोक्न केन्द्रीय कार्यालयले पत्राचार गरेको थियो ।

### बढ्दो दुरी

पछिल्ला दिनमा कांग्रेसले गरेका कार्यक्रममा नेताहरूको अनुपस्थितिले पार्टीभित्रको रडाको फेरि चुलिएको छ । कांग्रेस सभापति शेरबहादुर देउवापछि को ? भन्ने प्रश्नले सबै नेताहरू भित्रभित्र पिल्सिएका छन् । यसले उनीहरूबीचको सम्बन्ध चिसिँदै गएको छ र दुरी पनि बढिरहेको देखिएको छ ।

पछिल्ला दिनमा आयोजना भइरहेका कांग्रेसका औपचारिक कार्यक्रमका आयोजकले कार्यक्रम संचालन सूचीमा सभापति देउवापछि फरक-फरक नेताहरू राख्ने गरेका छन् । एउटा नेतालाई राख्यो भने अर्को नेता मञ्चमा बस्दैन, अर्कोलाई राख्यो अर्को बस्दैन । यो अवस्था पछिल्ला दिनका औपचारिक कार्यक्रमहरूमा छताछुल्ल भएको देखिन्छ ।

### कोइराला पक्षीय विद्यार्थीको भेला

कोइराला पक्षले नेविसंघमा समानान्तर गतिविधि जारी राखेको छ । कोइराला पक्षले काठमाडौंमा बुधबार स्ववियु तयारी भेला गरेको छ । पार्टी नेताहरूलाई बोलाएर स्ववियु निर्वाचन केन्द्रित उपत्यकास्तरीय विद्यार्थी भेला गरिएको हो ।

भेलामा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्की, नेविसंघका पूर्वअध्यक्ष गुरुराज घिमिरे, रञ्जित कर्णलगायत सहभागी भएका थिए । त्रिभुवन विश्वविद्यालय र विद्यार्थी संगठनहरूबीच यस वर्षको स्ववियु निर्वाचन ५ चैतमा गर्ने सहमति भएको छ ।

भेलामा बोल्दै कांग्रेस नेता घिमिरेले गठबन्धन नगरी स्ववियु निर्वाचनमा नेविसंघले प्रतिस्पर्धा गर्न सुझाव दिए । पूर्वमुख्यमन्त्री कार्कीले पनि गुटका नाममा हुने अन्यायका विरुद्ध आवाज बुलन्द पार्न निर्देशन दिए ।

कोइराला पक्ष स्ववियु निर्वाचनको तयारीमा जुटेको त्यस समूहका विद्यार्थी नेता भुवन भट्टले जानकारी गराए । आसन्न स्ववियु निर्वाचनमा संस्थापन पक्षले पेलेर जाने सम्भावना बढेर गएपछि शेखर निकट समूहले छुट्टै भेला गरेको हो ।

## संविधानका...

समिति सदस्यहरूले निर्वाचन महँगो भएको, मनी र मसलले मात्र निर्वाचन जित्ने गरेको सवाल गरेका थिए ।

सदस्यहरूले उठाएको प्रसंगको जबाफ दिँदै थपलियाले निर्वाचन प्रणाली स्वयंमा महँगो नभएको तर महँगा उम्मेदवार भएको बताए । 'मतदाताप्रति विश्वास छैन र जनतामा निहित सार्वभौमसत्ता पैसामा किन्न सक्छौं भन्ने उम्मेदवारले ठान्दा निर्वाचन प्रणाली महँगो भएको हो', थपलियाको जवाफ थियो । उनले निर्वाचनसम्बन्धी कानुन परिष्कृत र गतिलो बनाएर २०८४ सालको निर्वाचन गराउने बताए ।

थपलियाले निर्वाचन प्रणाली ध्वस्त नभएको पनि बताए । राजनीतिक दल, नेता, उम्मेदवार सबै सच्चिए निर्वाचन स्वच्छ र निष्पक्ष हुने उनले स्पष्ट पारे ।

## मलेसियामा...

गरिएको तलब नदिए ठूलो रकम जरिमाना गरिने चेतावनी दिइएको छ ।

५ जनाभन्दा कम कामदार रहेका साना रोजगारदाताले आगामी अगस्टदेखि मात्र नयाँ तलब लागू गर्न पाउने छुट पाएका छन् ।

तलब वृद्धिको निर्णयप्रति मलेसियामा काम गर्ने स्थानीयदेखि विदेशी सबै कामदारले सकारात्मक प्रतिक्रिया दिएका छन् । कुल श्रम जनशक्तिको १५ प्रतिशतभन्दा बढी विदेशी कामदार नबढाउने नीति लिएको मलेसियामा गत ३१ मेदेखि रोकिएको नयाँ विदेशी कामदारको एप्रुभल छिटफुटबाहेक खुलाएको छैन । तर, प्रतिबन्ध खुलाउन निजी क्षेत्रको चर्को दबाब छ ।


**युएईमा रोजगार**

कम्पनी: KAWADER INTERNATIONAL FOR EMPLOYMENT SERVICES LLC | शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ | चलानी नं.: ६०२३२५०९ | LT. No.: 318335

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/ Labour | 35 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Mason | 35 | 0 | | 1200 | ४५,४२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com


**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/१०/२४**

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| १. **फेलामा तामाङ**<br>**ना.प्र.नं.** : २१३५७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ्ग<br>बाबु : योरोङ तामाङ<br>बाजे : इन्द्र तामाङ<br>ठेगानाः धादिङ्ग जिल्ला सेर्तुङ गा.वि.स./उ.म.न.पा. वडा नं.०६, हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०८<br>**शाखा कार्यालय : भंगाल**<br>**कर्जा शीर्षकः जग्गा खरिद कर्जा तथा ओडि कार्ड कर्जा समेत** | **देवी तामाङ**<br>**ना.प्र.नं.** : ८६८४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ्ग<br>पति : फेलामा तामाङ<br>ससुरा : योरोङ तामाङ<br>ठेगाना : धादिङ्ग जिल्ला सेर्तुङ गा.वि.स./उ.म.न.पा. वडा नं.०६, हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०८ |
| २. **देवी तामाङ**<br>**ना.प्र.नं.** : ८६८४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ्ग<br>पति : फेलामा तामाङ<br>ससुरा : योरोङ तामाङ<br>ठेगाना : धादिङ्ग जिल्ला सेर्तुङ गा.वि.स./उ.म.न.पा. वडा नं.०६, हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०८<br>**शाखा कार्यालय : भंगाल**<br>**कर्जा शीर्षक : ओडि कार्ड कर्जा ।** | **फेलामा तामाङ**<br>**ना.प्र.नं.** : २१३५७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ्ग<br>बाबु : योरोङ तामाङ<br>बाजे : इन्द्र तामाङ<br>ठेगाना : धादिङ्ग जिल्ला सेर्तुङ गा.वि.स./उ.म.न.पा. वडा नं.०६, हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०८ |
| ३. **आर्या होटल एण्ड गेष्ट हाउस**<br>**निजि फर्म दर्ता नं** : २०१०६/०७८/०७९<br>ठेगाना : सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं.०६<br>जारी गर्ने कार्यालय :घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरी<br>स्थायी लेखा नं.: ६१८५१६९३७<br>**प्रोप्राईटर/धनजमानीकर्ता : पुजा कुमारी चौधरी**<br>**ना.प्र.नं.** : ०६-०१-७०-०६६३५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : सुनिल चौधरी<br>ससुरा : भजनलाल चौधरी<br>ठेगाना : सुनसरी जिल्ला बविया गा.वि.स. वडा नं.०९, हाल इटहरी उ.म.न.पा. वडा नं.०२<br>**शाखा कार्यालय : धरान**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक) ।** | **सुनिल चौधरी**<br>**ना.प्र.नं.** : ०६१००५/०६१२९११९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>बाबु : भजनलाल चौधरी<br>बाजे : अजबलाल चौधरी<br>ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं.०२<br>**फेकनी चौधरी**<br>**ना.प्र.नं.** : ७४३९/८४३९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : भजनलाल चौधरी<br>ससुरा : अजबलाल चौधरी<br>ठेगाना : सुनसरी जिल्ला इटहरी न.पा.वडा नं.०२, हाल इटहरी उ.म.न.पा. वडा नं.०२ |
| ४. **मुना लोहागुन**<br>**ना.प्र.नं.** : ३९-०१-७४-०६६२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा<br>पति : तुल बहादुर लोहागुन<br>ससुरा : शेर बहादुर लोहागुन<br>ठेगाना : पाल्पा जिल्ला तानसेन न.पा.वडा नं.१२, हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा वडा नं ११<br>**शाखा कार्यालय : होराइजनचोक**<br>**कर्जा शीर्षक : ओडि कार्ड कर्जा** | **तुल बहादुर लोहागुन**<br>**ना.प्र.नं.** : ३९-०१-७६-०५१४१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा<br>बाबु : शेर बहादुर लोहागुन<br>बाजे : डण्डविर<br>ठेगाना : पाल्पा जिल्ला तानसेन न.पा.वडा नं.१२, हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा वडा नं ११ |
| ५. **सुनिता स्टोर**<br>**प्रमाण पत्र नं.**: २०<br>ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा वडा नं ०३, गठ्ठाघर<br>जारी गर्ने कार्यालय : मध्यपुर थिमि नगरपालिका, थिमि भक्तपुर, ३ नं. वडा कार्यालय<br>स्थायी लेखा नं.: ६०८२८८५९८<br>**प्रोप्राईटर/धनजमानीकर्ता : सुनिता कार्की मल्ल**<br>**ना.प्र.नं.** : ३०-०१-७१-११०२५<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक<br>पति : राज कुमार मल्ल<br>ससुरा : दान बहादुर मल्ल<br>ठेगानाः काभ्रेपलान्चोक जिल्ला वाल्टीङ्ग गा.वि.स.वडा नं. ०३, हाल भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा वडा नं ०३ | **राज कुमार मल्ल**<br>**ना.प्र.नं.** : १२२१/१५९०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक<br>बाबु : दान बहादुर मल्ल<br>बाजे : खड्ग बहादुर मल्ल<br>ठेगाना : काभ्रेपलान्चोक जिल्ला मङ्गलटार नगर/गाउँ पञ्चायत वडा नं.०७, हाल भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा वडा नं ०३<br>**शाखा कार्यालय : लोकन्थली**<br>**कर्जा शीर्षक : सहुलियत ब्याजदर कर्जा (आवधिक) ।** |
| ६. **न्यू एस आर पाल्पाली सुन चाँदी पसल एण्ड गहना सप्लायर्स**<br>**प्रा.फ.र.नं.: ४८४२४/०७७, स्थानीय व्यापार**<br>ठेगाना : रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा वडा नं ०५<br>जारी गर्ने कार्यालय : वाणीज्य आपुर्ति तथा उपभोत्ता संरक्षण कार्यालय, रुपन्देही<br>स्थायी लेखा नं.: ६१३२०८९०७<br>**प्रोप्राईटर/धनजमानीकर्ता : मुना लोहागुन**<br>**ना.प्र.नं.** : ३९-०१-७४-०६६२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा<br>पति : तुल बहादुर लोहागुन<br>ससुरा : शेर बहादुर लोहागुन<br>ठेगाना : पाल्पा जिल्ला तानसेन न.पा.वडा नं.१२, हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा वडा नं ११ | **तुल बहादुर लोहागुन**<br>**ना.प्र.नं.** : ३९-०१-७६-०५१४१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा<br>बाबु : शेर बहादुर लोहागुन<br>बाजे : डण्डविर<br>ठेगाना : पाल्पा जिल्ला तानसेन न.पा.वडा नं.१२, हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा वडा नं ११<br>**शाखा कार्यालय : होराइजनचोक**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक) ।** |
| ७. **डम्बर बहादुर वि.क.**<br>**ना.प्र.नं.** : ३९१२०<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बाबु : मोहन लाल कामी<br>बाजे : इन्द्रभान कामी<br>ठेगाना : रोल्पा जिल्ला नुवागाउँ गा.वि.स./उ.म.न.पा. वडा नं.०२, हाल त्रिवेणी गा.पा. वडा नं. ०२<br>**शाखा कार्यालय : होलेरी**<br>**कर्जा शीर्षकः सजिलो लघु कर्जा (न्यून लागत आवास कर्जा)** | **सिता कुमारी वि.क.**<br>**ना.प्र.नं.** : ३९१५०<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>पतिः डम्बर बहादुर वि.क.<br>ससुराः मोहन लाल कामी<br>ठेगाना : रोल्पा जिल्ला नुवागाउँ गा.वि.स./उ.म.न.पा. वडा नं.०३, हाल त्रिवेणी गा.पा. वडा नं. ०२<br>**गौरी वि.क.**<br>**ना.प्र.नं.** : ५४१०४३/२८९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>पति : मोहन लाल कामी<br>ससुरा : इन्द्रभान कामी<br>ठेगाना : रोल्पा जिल्ला नुवागाउँ गा.वि.स./उ.म.न.पा. वडा नं.०२, हाल त्रिवेणी गा.पा. वडा नं. ०२ |
| ८. **जनसेवा फर्निचर उद्योग**<br>**प्रा.फ.दर्ता नं.**: ५७२/०६४-०६५<br>ठेगाना : रोल्पा जिल्ला सुनिल स्मृति गा.पा. वडा नं.०३,<br>जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रोल्पा<br>स्थायी लेखा नं.: ३०३७१४७०५<br>**प्रोप्राईटर/धनजमानीकर्ता : बेगम बहादुर विष्ट**<br>**ना.प्र.नं.** : २६६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बाबु : पतिराम विष्ट<br>बाजे : चेक विष्ट<br>ठेगाना : रोल्पा जिल्ला मिझिङ गा.वि.स. वडा नं.०७, हाल सुनिल स्मृति गा.पा. वडा नं.०३ | **टेकमाला विष्ट**<br>**ना.प्र.नं.** : ५४३०१५/१५७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>पति : बेगम बहादुर विष्ट<br>ससुरा : चेक विष्ट<br>ठेगाना : रोल्पा जिल्ला मिझिङ गा.वि.स. वडा नं.०७, हाल सुनिल स्मृति गा.पा. वडा नं.०३<br>**शाखा कार्यालय : घोराहि**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक) तथा प्रोप्राईट बेगम बहादुर विष्टको नाममा स्वाभिमानि कृषक कर्जा र ओडि कार्ड कर्जा समेत ।** |
| ९. **बिष्णु पुन**<br>**ना.प्र.नं.** : १६२२९/५५५०९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बाबु : भक्तबहादुर पुन<br>बाजे : तुलवीर<br>ठेगाना : रोल्पा जिल्ला डुव्रिङ गा.वि.स./उ.म.न.पा.वडा नं.०१, हाल रुन्टिगढी गा.पा वडा नं ०६<br>**शाखा कार्यालय : होलेरी**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (न्यून लागत आवास कर्जा) ।** | **बसन्त पुन**<br>**ना.प्र.नं.** : ५४१०४१/७४४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बाबु : भक्तबहादुर पुन<br>बाजे : तुलवीर<br>ठेगाना : रोल्पा जिल्ला डुव्रिङ गा.वि.स./उ.म.न.पा.वडा नं.०१, हाल रुन्टिगढी गा.पा वडा नं ०६<br>**यामबहादुर थापामगर**<br>**ना.प्र.नं.** : ५०१९८/१४२६८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बाबु : जगबहादुर थापामगर<br>बाजे : लाल बहादुर<br>ठेगाना : रोल्पा जिल्ला झेनाम गा.वि.स./उ.म.न.पा.वडा नं.०१, हाल रुन्टिगढी गा.पा वडा नं ०७ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।


**युएईमा रोजगार**

कम्पनी: Al Maouli Building Cleaning Services llc | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ | चलानी नं.: ६०२३२५११ | L.T. No.: 318364

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 10 | 0 | स. काममा दक्ष | 900 | ३४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HIMALAYAN GORKHA HR SOLUTION PVT LTD** | Gov. Lic. No. 1586/079/80
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660, Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9767301551, E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np

**CYPRUS मा रोजगार**

कम्पनी: CY EMPLOYMENT | शहर: PAPHOS
पूर्व स्वीकृत मितिः २०८१/०४/२४ | चलानी नं.: ६०२२३३०५ | LT. No.: 308591 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ५७,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No.: 643/063/64
**कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com

**कुबेतमा रोजगार**

कम्पनी: AL ALHEA CIRCLE CLEANING COMPANY | शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ | चलानी नं.: ६०२३२५०८ | LT. No.: 318338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Indoor (Female) | 0 | 50 | स. काममा दक्ष | 85 | ३८,२५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० /- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**बैभव ओभरसिज प्रा. लि.** | श्रम ईजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९८२३२५४८७७, ९७४५९४२०८७, E-mail : baibhav.ovs@gmail.com

**साइप्रसमा रोजगार**

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY | शहर: Limassol
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ | चलानी नं.: ६०२३२५०३ | LT. No.: 318291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 20 | स. काममा दक्ष | 750 | १०७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. २५,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

# ३८ युटचुब च्यानलमाथि काउन्सिलको कारबाही

**काठमाडौं/मस-** झापाको शिवसताक्षी नगरपालिकामा घटेको एक घटनालाई ‘अमला काण्ड’ नाम दिइ पीडित युवती, आरोपित जेष्ठ नागरिक, शिशु, पीडित परिवारका भिडियो/तस्बिरहरूसमेत राखी सम्प्रेषण गर्ने ३८ युट्युब च्यानललाई प्रेस काउन्सिल नेपालले कारबाही गरेको छ।



घटनालाई अतिरञ्जित गराइ पीडित परिवारलाई अमर्यादित प्रश्नहरू सोध्ने, संवेदनहीन बहसलाई प्राथमिकता दिइ भ्युअर बढाउने उद्देश्यले चरित्रहत्या गर्ने किसिमबाट सनसनीपूर्ण बनाइ सामग्री सम्प्रेषण भएपछि कारबाही गरिएको काउन्सिलले एक विज्ञप्तिमार्फत जानकारी दिएको हो।

‘प्रचलित ऐन, नियम, निर्देशिका, आचारसंहिता गम्भीर उल्लंघन गरेका तर आफ्ना सम्पर्क विवरण नराखेका तथा मिडियाअन्तर्गत आबद्ध नभएका युट्युब च्यानललाई प्रचलित कानुनबमोजिम कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गरिएको छ।’ काउन्सिलका सूचना अधिकारी सहप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

काउन्सिलले यस घटनासँग सम्बन्धित रहेर आधार प्रमाण पुष्टि नभएको विषयमा वैयक्तिक गोपनीयता प्रतिकूल हुने किसिमबाट पीडित र आरोपितको नाम, वतन, तस्बिर तथा भिडियो सामग्री सम्प्रेषण गरी पीडित र पीडितका परिवारलाई थप पीडा पुग्ने र सार्वजनिक संवेदनशीलतामा असर पर्ने सामग्री सम्प्रेषण गरी पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को दफा ४(९), ५(२)(२),५(४) र ५(१३), महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६ को ५(८),(९), जेष्ठ नागरिकमैत्री सञ्चार निर्देशिका, २०७८ को ४(क,ख,ङ र झ) र वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ को दफा (३) उल्लङ्घन गर्ने ३८ वटा युट्युब च्यानललाई कारबाही प्रक्रिया अगाडि बढाएको हो।

काउन्सिलले युट्युब तथा फेसबुकबाट सम्प्रेषण भएका पत्रकारिताका मूल्य र मान्यताविपरीत, गलत, समाजमा घृणा, द्वेष, उत्तेजना/अफवाह फैलाउने, सामाजिक सद्भाव बिगार्ने त्यस्ता सामग्री हटाउन भनेको छ। ‘आरोप र शंकाकै आधारमा आफैं अदालतझैं गरी अप्रमाणित विषयलाई दोषी करार गर्ने, वैयक्तिक गोपनीयता प्रतिकूल हुने, महिला/जेष्ठ नागरिक/बालबालिकाको आत्मासम्मानमा आँच पुऱ्याउने सामग्री क्षमायाचनासहित हटाउन प्रेस काउन्सिल नेपाल सम्बद्ध सबैमा आग्रह गर्दछ’ विज्ञप्तिमा भनिएको छ।


## Bhotkhola Rural Municipality
## Office Of Municipal Executive
### Institutionalizing Gender Based Violence Response InNepal (Igbvrn) Project
### Project Implementation Unit-Bhotkhola
**Bhotkhola Rural Municipality, Bhotkhola, Koshi Province, Nepal**

**Request For Expressions of Interest**

**(Publication Date: 06 February 2025)**

*COUNTRY*: Nepal
*NAME OF PROJECT*: Institutionalizing GBV Response in Nepal
Grant No.: TF0C3548
Assignment Title: Recruitment of Individual Consultants
Contract ID: NP-MOWCS-386946-CS-INDV / GBV Specialist for PIU- Bhotkhola

1. The Government of Nepal *has received* financing from the World Bank toward the cost of the Institutionalizing GBV Response in Nepal Project, and intends to apply part of the proceeds for consulting services.
2. The consulting services (“the Services”) include recruitment of one individual consultant namely GBV Specialist. Please refer to the TOR for details. The expected start date of assignment will be March 2025.
3. The detailed Terms of Reference (TOR) for the assignment *can be found at the following website: bhotkholamun.gov.np or can be obtained upon a written request to igbvrn.bhotkhola@gmail.com* .
4. The Institutionalizing GBV Response in Nepal Project, Project Implementation Unit (PIU-Bhotkhola) now invites eligible individuals (“Consultants”) to indicate their interest in providing the Services. Interested Consultants should provide information demonstrating that they have the required qualifications and relevant experience to perform the Services with their CVs.
5. The last date of submission of the proposal is **08 March 2025** within office hours. The duration of contract award, and description of the assignment shall be clearly stipulated when mentioning as a work experience.
6. Consultant will be selected in accordance with the Individual Consultant Selection (ICS) method set out in the Procurement Regulations.
7. The attention of interested Consultants is drawn to Section III, paragraphs, 3.14, 3.16, and 3.17 of the World Bank’s “Procurement Regulations for IPF Borrowers” July 2016 [*4th Edition, November 2020*], setting forth the World Bank’s policy on conflict of interest.
8. Further information can be obtained at the address below during office hours.
9. Expressions of interest must be delivered in a written form to the address below in person, or by mail, or by email by 08 March 2025.

**Institutionalizing GBV Response in Nepal Project,**
Project Implementation Unit (PIU)-Bhotkhola, Bhotkhola Municipality, Hatiya, Koshi Province
Attn: Mr. Phurpu Bhote, Chief Administrative Officer
E-mail: *igbvrn.bhotkhola@gmail.com*



प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
कोशी प्रदेश, भोजपुर, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२४**

यस कार्यालयबाट मिति २०८१/९/१४ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको बोलपत्रहरुको सूचना अनुसार रितपूर्वक दर्ता भई प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्याङ्कन हुँदा तपशिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्विकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अङ्क रकम रु. (पि.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | IDO/BHO/W/ NCB-32/081/82 | Upgrading works of Mid Hill Highway Prajatantra Primary School to Chautara Road, Bhojpur | M/S Laxmi Nirman Sewa, Bhojpur | 18,39,483.81 |
| 2 | IDO/BHO/W/ NCB-33/081/82 | Construction of Toshi Khim Tewa Wall, Sindrang, Bhojpur | M/S DPS Construction, Bhojpur | 18,40,368.35 |
| 3 | IDO/BHO/W/ NCB-34/081/82 | Upgrading works of Shyamshila Bhirkot Road, Bhojpur | M/S Laxmi Nirman Sewa, Bhojpur | 16,81,010.10 |
| 4 | IDO/BHO/W/ NCB-35/081/82 | Upgrading works of Satighat Dingla Road, Bhojpur | M/S K.K.K. Construction Company Pvt. Ltd., Sankhuwasabha | 35,17,327.25 |
| 5 | IDO/BHO/W/ NCB-36/081/82 | Upgrading works of Karmitar Majhgaun Margeshwari Road, Dhankuta | Nirmal Nirman Sewa, Dhankuta | 37,45,222.33 |
| 6 | IDO/BHO/W/ SQ-37/081/82 | Upgrading works of Dewantar Bihibare Hatiya Road, Dhankuta | Ghedung Nirman Sewa, Dhankuta | 19,44,774.35 |

**कार्यालय प्रमुख**



## Parshuram Municipality
## Office of Municipal Executive
**Jogbuda, Dadeldhura**

**Invitation for Bids**

**Date of publication: 2081/10/24 (2025/02/06)**

1. **Parshuram Municipality, Jogbuda, Dadeldhura** invites electronic bids from eligible bidders for the construction of following contract under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S. N. | Description of Work and IFB No. | Avg. Annual Construction Turnover of the best 3 years (NRs.) | Minimum work experience of similar size and nature (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid. Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Construction Work at Parshuram Dham (14/ WORKS/NCB/PM/2081/082) | 3,22,00,000 | 86,00,000 | 6,30,000 | 5,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of **Parshuram Municipality, Jogbuda, Dadeldhura, Email: parshurammun@gmail.com, Phone No.: 096-411004** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidders should download the bidding documents for e-submission from PPMO’s e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the Project’s Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Nepal Bank Ltd.** Office Account no.: **24403000001001000001**
   Name of Office: **Parshuram Municipality, Jogbuda, Dadeldhura**
4. Electronic bids must be submitted through PPMO’s e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 Noon** on **2081/11/25 (2025/03/09).** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM on 2081/11/25 (2025/03/09)** at the office of **Parshuram Municipality, Jogbuda, Dadeldhura**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to Deposit Bid Security in Bank:**
   Name of the Bank: Nepal Bank Ltd. Name of Office : Parshuram Municipality
   Office Account no.: 24403000003000000001
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## चाँगुनारायण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**मिति २०८१/१०/२४**

यस कार्यालयबाट विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको मिति भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४७ अनुसार गठित मूल्यांकन समितिबाट विस्तृत मूल्यांकन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भएको हुँदा २०८१/११/०१ दिनको १ बजे चाँगुनारायण नगरपालिका खरिपाटी, भक्तपुरमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ३१ (ङ) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन प्रकाशन गरिएको छ।

**तपशील**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाता नाम र ठेगाना |
|---|---|---|---|
| 1 | CM/WORKS/05/81/82/01 | Pakunepati lakila kamalpokhari jyotirlingeshwar sadak staronnati | 1. R.R. Construction, Bhaktapur Muinicipality-11, Bhaktapur |

**प्रमुख प्रशासकीय अधिकृत**



## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना**

**सूचना प्रकाशित मिति :- २०८१/१०/२४**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८१/०९/१२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यम द्वारा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट न्युनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारि को लागि प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | बोलपत्र नं./ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम / ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | SPRM/UBS/ NCB/07/081/082 | Construction of Janajyoti Ma Bi 24 Kothe Bhawan (Sub Structure Part) | रेशिभा कन्स्ट्रक्सन सेवा प्रा.लि., काठमाण्डौं-१०, नयाँ बानेश्वर | १,००,३५,७५२।३९ (अक्षरुपी एक करोड पैतिस हजार सात सय बाउन्न रुपैंया उन्चालिस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२४ माघ २०८१ बिहीबार
6 February 2025, Thursday

## सम्पादकीय

# कांग्रेसमा छिरेको गलत प्रस्ताव

सत्ता साझेदार नेपाली कांग्रेसका नेताहरूका लागि राष्ट्रिय राजनीति भन्दा पनि आन्तरिक राजनीति बढी महत्त्वको एजेन्डा बन्न पुगेको देखिन्छ जबकि सत्ता साझेदार र विपक्षमा रहेका अरू दलहरूलाई भने राष्ट्रिय राजनीति नै मूल एजेन्डा बनिरहेको छ । नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको रक्षार्थ सिंगो पार्टी परिचालन गरेका छन् । आगामी वैशाखसम्म चल्ने वडा केन्द्रित ३ महिने 'जरा अभियान'को मूल उद्देश्यमै एमालेले सरकारको रक्षार्थ प्रचारलाई राखेको छ । सरकारको विपक्षमा हुने प्रचारलाई सामाजिक संजालबाट खण्डन गर्न एमालेका नेताहरूले बारम्बार कार्यकर्ता पंक्तिलाई निर्देशन दिइरहेका छन् । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सहित विपक्षमा रहेका अरू नेताहरूले सरकार अब धेरै नचल्ने प्रचार गरिरहेका छन् । प्रचण्डलाई मुख्यगरी नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले साथ दिइरहेका देखिन्छ ।

तर, कांग्रेसका नेताहरूलाई भने वर्तमान सरकारबारे खासै चासो देखिँदैन । सभापति शेरबहादुर देउवा र मन्त्रीहरूले मात्र सरकारको रक्षार्थ सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । विशेषगरी परराष्ट्रमन्त्री डा. आरजु राणाले वर्तमान सरकार र गठबन्धनको स्थायित्वबारे ध्यान दिएको पाइन्छ । उनी यो गठबन्धन निर्माणमै महत्त्वपूर्ण भूमिका खेलेकी नेतृ हुन् । अरू कांग्रेसका नेताहरू भने आन्तरिक गुटबन्दीमा अल्मलिएका छन् । गुटको केन्द्र भने १५औं महाधिवेशनबाट नेतृत्व हत्याउने दाउमा देखिन्छ । पार्टी नेतृत्व हत्याउने यो खेलमा डा. शेखर कोइराल, महामन्त्री गगन थापा र केही पूर्वपदाधिकारी पनि छन् । शेखरले महाधिवेशन समयमै गर्न भनेर दबाब अभियान नै थालेका छन् ।

मुलुकको लोकतन्त्र सुदृढ बन्न पार्टीभित्रको आन्तरिक लोकतन्त्र पनि समृद्ध हुनुपर्छ भन्ने मान्यता राख्दा कांग्रेसभित्र भइरहेको बहस गलत होइन । यद्यपि, आन्तरिक संघर्षकै कारण मुलुकको मूल एजेन्डा प्रभावित हुनु हुँदैन । त्यो शर्तबाहेकका अरू गतिविधि लोकतान्त्रिक अधिकारभित्रै पर्छन् । अनि, पार्टीभित्र देखिएको संशय नेतृत्वले चिर्न जरूरी छ । त्यो भनेको महाधिवेशन निर्धारित समयभित्रै हुनुपर्छ । कतिपयले प्रस्ताव गरेजस्तो २०८४ सालको आमनिर्वाचनपछि महाधिवेशन सार्ने कुरा ठीक होइन किनकि लोकतन्त्रको महत्त्वपूर्ण पक्ष भनेकै नियमित निर्वाचन हो । यदि पार्टीभित्र नियमित निर्वाचनमार्फत नेतृत्व चयन भइरहेको छैन भने त्यसको असर मुलुक संचालनका अरू प्रक्रियामा समेत गर्छ । त्यसैले कांग्रेसभित्र भइरहेको बहस गलत छैन तर नियमित महाधिवेशन सार्ने नियत कसैबाट पनि राखिनु हुँदैन ।

# जलस्रोतबाट समृद्धि

*जलस्रोत नेपालको सबैभन्दा ठूलो प्राकृतिक सम्पति हो, जसलाई सही ढंगले उपयोग गर्न सकियो भने देशको आर्थिक, सामाजिक तथा वातावरणीय विकासमा ठूलो टेवा पुग्छ ।*

अग्रलेख



● सी. बी. बस्याल

नेपाल जलस्रोतको दृष्टिकोणले एक अत्यन्तै समृद्ध राष्ट्र हो । यहाँ हजारौं नदी, ताल तथा हिमनदीहरू छन्, जसले जलविद्युत् उत्पादनदेखि सिँचाइ, पर्यटन र वातावरणीय सन्तुलनमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । नेपालका प्राकृतिक स्रोतहरूको उचित प्रयोग गर्न सकियो भने देशको आर्थिक समृद्धिमा ठूलो योगदान हुनसक्छ । यद्यपि, जलस्रोतको उच्च सम्भावनालाई सदुपयोग गर्न नीति तथा योजना बनाई दिगो विकासको मार्ग अवलम्बन गर्नु अपरिहार्य देखिन्छ ।

नेपालमा करिब ६ हजारभन्दा बढी साना-ठूला नदीहरू रहेका छन् । यी नदीहरू तीन ठूला जलाधार क्षेत्रहरूमा बाँडिएका छन्- कोसी, गण्डकी र कर्णाली । हिमालयको हिउँ पग्लिएर बग्ने नदीहरू वर्षभरि नै बहावयुक्त हुने हुँदा जलविद्युत् उत्पादनका लागि अत्यन्त उपयोगी छन् । नेपालमा हालसम्म अनुमानित ८३ हजार मेगावाट विद्युत् उत्पादनको क्षमता रहेको बताइन्छ, जसमध्ये करिब ४२ हजार मेगावाट व्यावसायिक रूपमा सम्भव छ । तर, हालसम्म जम्मा केही हजार मेगावाट मात्र उत्पादन भइरहेको छ, जुन नेपालका जलस्रोत सम्भावनाको तुलनामा निकै न्यून हो ।

जलविद्युत् उत्पादनलाई प्रवर्द्धन गर्न नेपाल सरकारले विभिन्न योजनाहरू अघि सारेको छ । जलविद्युत् उत्पादनमा निजी क्षेत्र, सहकारी तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्न पहल गरिँदै आएको छ । माथिल्लो तामाकोसी, बुढी गण्डकी, अरुण, माथिल्लो त्रिशूली र कर्णाली कोरिडोरजस्ता परियोजनाहरू नेपालका ऊर्जा सम्भावनालाई व्यावहारिक रूप दिने महत्वपूर्ण कोसिसहरूमध्ये पर्दछन् ।

नेपालले जलविद्युत् उत्पादन बढाएर ऊर्जा निर्यात गर्ने अवसरसमेत राख्छ । भारत, चीनजस्ता छिमेकी मुलुकहरूमा विद्युत्को ठूलो माग छ । नेपालले यदि विद्युत् उत्पादनलाई व्यावसायिकरूपमा अगाडि बढाउन सक्यो भने निर्यातमार्फत ठूलो आर्थिक लाभ लिन सक्छ । हालैका वर्षहरूमा भारतसँग ऊर्जा व्यापारसम्बन्धी सम्झौता भएका छन् र नेपालले सीमित मात्रामा भए पनि भारतलाई विद्युत् निर्यात गरिरहेको छ । भविष्यमा चीनसँग पनि यस्ता समझदारीहरू गर्न सकियो भने नेपालको ऊर्जा निर्यात थप बृद्धि हुन सक्छ ।

जलविद्युत्का अतिरिक्त नेपालमा जलस्रोत पर्यटनको पनि ठूलो सम्भावना छ । नेपालका नदीहरूमा र्‍याफ्टिङ, कायाकिङ, फिसिङ र जलयात्रा जस्ता गतिविधिहरू गर्न सकिन्छ । विशेषगरी त्रिशूली, भोटेकोसी, सेती र कर्णाली नदी र्‍याफ्टिङका लागि विश्व स्तरमा प्रसिद्ध छन् । यदि जलपर्यटन प्रवर्द्धन गर्न आवश्यक पूर्वाधार निर्माण गरियो भने नेपालले पर्यटनबाट राम्रो आम्दानी गर्न सक्छ ।

जलस्रोत कृषि क्षेत्रका लागि पनि अत्यन्त महत्वपूर्ण छ । नेपालको कुल जनसंख्याको झन्डै ६० प्रतिशत हिस्सा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा आश्रित छ । पर्याप्त सिँचाइ सुविधा भएमा कृषिको उत्पादनशीलता उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ । नेपालमा हालका अधिकांश किसानहरू वर्षा जलमा निर्भर रहनुपर्ने बाध्यता छ । देशभरिका जलाशय, ताल, र नदीहरूको उचित व्यवस्थापन गरी सिँचाइ प्रणाली विस्तार गर्न सकियो भने नेपालको कृषि उत्पादन दोब्बर वा तेब्बर वृद्धि हुनसक्छ ।

नेपालमा जलस्रोत व्यवस्थापनको ठूलो चुनौती पनि छ । बाढी, पहिरो, नदी कटानजस्ता समस्याहरूले जलस्रोत विकासमा अवरोध पुर्‍याइरहेका छन् । जलस्रोतको सही व्यवस्थापन नभएमा बाढीले हरेक वर्ष ठूलो धनजनको क्षति पुर्‍याइरहेको छ । नेपाल सरकारले दिगो जलस्रोत व्यवस्थापनका लागि प्रभावकारी नीतिहरू लागू गर्न आवश्यक देखिन्छ । जलस्रोत नेपालका लागि समृद्धिको मेरुदण्ड बन्न सक्ने सम्भावना राख्छ । यसका लागि दीर्घकालीन योजना, वैज्ञानिक व्यवस्थापन तथा व्यावसायिक दृष्टिकोण आवश्यक छ ।

यद्यपि, नेपालमा जलस्रोतको विकास सम्भावना यति मात्र सीमित छैन । जलविद्युत्, पर्यटन, सिँचाइ र वातावरणीय सन्तुलन बाहेक जलस्रोतबाट थप विविध फाइदाहरू लिन सकिन्छ । जलस्रोतको सही व्यवस्थापनले भविष्यमा स्वच्छ खानेपानीको पहुँच सुधार गर्न, औद्योगिक क्षेत्रमा प्रयोग हुने पानीको आपूर्ति सुनिश्चित गर्न र जलचर तथा जैविक विविधताको संरक्षणमा समेत योगदान पुर्‍याउन सक्छ ।



*नेपालमा हालसम्म अनुमानित ८३ हजार मेगावाट विद्युत् उत्पादनको क्षमता रहेको बताइन्छ, जसमध्ये करिब ४२ हजार मेगावाट व्यावसायिक रूपमा सम्भव छ । तर, हालसम्म जम्मा केही हजार मेगावाट मात्र उत्पादन भइरहेको छ, जुन नेपालका जलस्रोत सम्भावनाको तुलनामा निकै न्यून हो ।*

नेपालमा पर्याप्त जलस्रोत हुँदाहुँदै पनि धेरै स्थानमा स्वच्छ खानेपानीको अभाव देखिन्छ । हिमालबाट निस्कने स्रोतहरू तथा प्राकृतिक कुवा, मूलहरूबाट सहज रूपमा पानी लिइने भए पनि व्यवस्थित प्रशोधन तथा वितरण प्रणालीको कमीका कारण शुद्ध पानीको अभाव छ । यदि जलस्रोत व्यवस्थापन सुधार गरी प्रशोधन प्रणालीहरू विकास गरियो भने नेपालका सबै नागरिकलाई सहज रूपमा स्वच्छ पानी उपलब्ध गराउन सकिन्छ । यसले स्वास्थ्य सुधारमा ठूलो प्रभाव पार्न सक्छ, किनभने हाल नेपालमा पानीजन्य रोगहरू जस्तै झाडापखाला, हैजा, टाइफाइडजस्ता समस्याहरू व्यापक रूपमा देखिन्छन् ।

जलस्रोतको अर्को महत्वपूर्ण पक्ष भनेको औद्योगिक तथा व्यावसायिक प्रयोग हो । जलस्रोत विभिन्न उद्योगहरूको लागि अत्यावश्यक हुन्छ, विशेषगरी कृषि प्रशोधन उद्योग, कागज उद्योग, कपडा तथा रासायनिक उद्योगहरूमा । नेपालमा जलस्रोत प्रशस्त भए पनि औद्योगिक रूपमा यसको उपयोग सीमित छ । यदि जलस्रोतलाई उचित रूपमा प्रयोग गरियो भने नेपालमा जलविद्युत्मा आधारित उद्योगहरूको विकास गर्न सकिन्छ, जसले दिगो तथा वातावरणमैत्री औद्योगिकीकरणलाई प्रवर्द्धन गर्न सक्छ ।

नेपालका नदी, ताल र जलाशयहरू जैविक विविधताको केन्द्र हुन् । यी क्षेत्रमा विभिन्न प्रकारका माछा, जलचर जनावरहरू तथा वनस्पतिहरू पाइन्छन्, जसले नेपालका पारिस्थितिक प्रणालीलाई सन्तुलित राख्न महत्वपूर्ण भूमिका खेल्छ । जलस्रोतको सही व्यवस्थापन र संरक्षण नगरेमा जलचर तथा तिनका बासस्थानहरूमा प्रतिकूल असर पर्न सक्छ । उदाहरणका लागि, जलविद्युत् परियोजनाहरूले जलचर जीवनशैलीमा प्रभाव पार्न सक्छन् यदि उचित योजना र वैज्ञानिक अध्ययन नगरिएमा । त्यसैले जलस्रोत व्यवस्थापन गर्दा जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिनुपर्छ ।

जलवायु परिवर्तनले नेपालको जलस्रोत प्रणालीमा पनि प्रत्यक्ष प्रभाव पार्दैछ । हिमनदीहरू छिटो पग्लन थालेका छन्, जसले गर्दा नदीहरूको प्रवाहमा अस्थिरता आएको छ । ग्रीष्म ऋतुमा पानीको कमी तथा बर्खामा बाढीको मात्रा अत्यधिक हुने समस्या देखिन थालेको छ । नेपालका लागि जलवायु परिवर्तनसँग जुध्न जलस्रोत व्यवस्थापन रणनीति आवश्यक छ, जसमा जलाशय निर्माण, नदी नियन्त्रण, वृक्षारोपण तथा पानी संरक्षण प्रविधिहरूको प्रयोग गर्न सकिन्छ ।

नेपालका अधिकांश नदीहरू ग्रामीण क्षेत्र हुँदै बग्छन्, जहाँ जलस्रोत व्यवस्थापन सहीरूपमा गर्न सकिएमा स्थानीय समुदायको प्रत्यक्ष फाइदा हुन सक्छ । साना जलविद्युत् परियोजनाहरू, सिँचाइ प्रणालीहरू र ताल तथा पोखरी संरक्षणले ग्रामीण समुदायको जीवनस्तर सुधार गर्न सक्छ । उदाहरणका लागि, नेपालका दुर्गम पहाडी र हिमाली क्षेत्रमा साना जलविद्युत् योजनाहरू प्रभावकारी साबित भएका छन्, जसले ग्रामीण बस्तीहरूमा उज्यालो पुर्‍याउन मात्र होइन, साना उद्योगहरू सञ्चालन गर्न पनि मद्दत गरेका छन् ।

नेपालमा जलस्रोतको विकास तथा उपयोगका लागि ठोस नीति तथा कानुनी व्यवस्थाहरू आवश्यक छन् । जलविद्युत् परियोजनाहरू सञ्चालन गर्दा दीर्घकालीन योजना र वातावरणीय प्रभाव मूल्यांकन अनिवार्य हुनुपर्छ । त्यस्तै, जलस्रोत उपयोगको हकसम्बन्धी स्पष्ट नीति आवश्यक छ, जसले नदी तथा जलाशयहरूको न्यायोचित वितरण सुनिश्चित गर्छ । नेपालमा जलविद्युत् विकासका लागि कानुनी संरचना रहेको भए पनि कार्यान्वयन कमजोर छ । यदि सरकार र निजी क्षेत्रबिच समन्वय गरी उचित नीति निर्माण गरियो भने जलस्रोतको सम्भावनालाई पूर्णरूपमा उपयोग गर्न सकिन्छ ।

निष्कर्षमा, जलस्रोत नेपालको सबैभन्दा ठूलो प्राकृतिक सम्पत्ति हो, जसलाई सही ढंगले उपयोग गर्न सकियो भने देशको आर्थिक, सामाजिक तथा वातावरणीय विकासमा ठूलो टेवा पुग्छ । जलविद्युत् उत्पादन, सिँचाइ प्रणालीको विस्तार, पर्यटन प्रवर्द्धन, खानेपानी आपूर्ति तथा औद्योगिक उपयोगजस्ता विविध क्षेत्रहरूमा जलस्रोतको महत्वपूर्ण भूमिका छ । तर, जलस्रोतको उचित व्यवस्थापन तथा दिगो उपयोगबिना यसको पूर्ण फाइदा लिन सकिँदैन । नेपालले जलस्रोतको दिगो विकासका लागि दीर्घकालीन नीति, नवीन प्रविधिको प्रयोग तथा स्थानीय र अन्तर्राष्ट्रिय सहकार्य आवश्यक छ । यदि यी उपायहरू अवलम्बन गरियो भने नेपालले जलस्रोतलाई समृद्धिको मुख्य आधार बनाउन सक्दछ ।

## इतिहासमा आज

६ फेब्रुअरी १८९९ मा संयुक्त राज्य अमेरिकाको सिनेटले पेरिस सन्धिको अनुमोदन गरेपछि स्पेनी-अमेरिकी युद्ध आधिकारिक रूपमा समाप्त भएको थियो ।



६ फेब्रुअरी १९५२ मा बेलायतकी सबैभन्दा लामो समयसम्म शासन गर्ने महारानी एलिजाबेथ द्वितीयले आफ्ना बुबा, राजा जर्ज छैठौंको मृत्युपछि सिंहासनमा आरोहण गरिन् ।



६ फेब्रुअरी २००० मा रूसले दोस्रो चेचेन युद्धको समयमा चेचन्याको राजधानी ग्रोज्नी कब्जा गरेको थियो ।



६ फेब्रुअरी २०१८ मा विश्वको सबैभन्दा शक्तिशाली रकेटहरू मध्ये एक, स्पेसएक्सको फाल्कन हेभी, प्रक्षेपण गरिएको थियो ।



# सूचना प्रविधिको विकास र जोखिम

विचार



● अपूर्व नेपाल

*प्रविधिको सदुपयोग गर्न सकिएमा यसले आर्थिक, सामाजिक तथा व्यक्तिगत रूपमा सकारात्मक परिवर्तन ल्याउन सक्छ, अन्यथा यसको दुरुपयोगले समाजमा गम्भीर समस्या उत्पन्न गराउन सक्छ ।*

सूचना प्रविधिको तीव्र विकासले आधुनिक समाजलाई नयाँ उचाइमा पुर्‍याएको छ । इन्टरनेट, कृत्रिम बुद्धिमत्ता, बिग डेटा, मोबाइल प्रविधि र सामाजिक सञ्जाल जस्ता प्रविधिहरूले हाम्रो दिनचर्या, व्यवसाय, शिक्षा, स्वास्थ्य र सञ्चार प्रणालीमा आमूल परिवर्तन गरेका छन् । प्रविधिको प्रभावकारिताका कारण आज हामी केही सेकेन्डमै विश्वभरका सूचनाहरू प्राप्त गर्न सक्छौं, अनलाइन कारोबार गर्न सक्छौं, टाढा रहेका आफन्त तथा साथीहरूसँग सजिलै सम्पर्क गर्न सक्छौं र डिजिटल सेवाहरूको भरपर्दो उपयोग गर्न सक्छौं ।

तर, प्रविधिको विकासले सकारात्मक प्रभाव मात्र पारेको छैन । प्रविधिको दुरुपयोग, कमजोर साइबर सुरक्षाका कारण डाटा चोरी, गलत सूचना तथा अफवाहको फैलावट, अनलाइन अपराध र कृत्रिम बुद्धिमत्ताका कारण रोजगारीमा पर्ने असर जस्ता समस्याहरू बढ्दै गएका छन् । डिजिटल युगले समाजलाई नयाँ सम्भावनाहरू प्रदान गरे पनि यसले चुनौतीहरू पनि सिर्जना गरेको छ, जसले व्यक्तिगत, सामाजिक तथा आर्थिक क्षेत्रमा गहिरो असर पार्न सक्छ ।

सूचना प्रविधिको अत्यधिक निर्भरता र दुरुपयोगले मानव अधिकार, मानसिक स्वास्थ्य तथा समाजको स्थायित्वलाई समेत प्रभावित गरिरहेको छ । प्रविधि प्रयोग गर्दा हुने सुरक्षा जोखिम, अनलाइन धम्की, साइबर अपराध र सामाजिक सम्बन्धमा पर्ने नकारात्मक प्रभाव जस्ता समस्याहरूलाई बेवास्ता गर्न सकिँदैन । प्रविधिले दिएको सहजता र जोखिमबिचको सन्तुलन कायम गर्नु आजको युगको ठूलो चुनौती बनेको छ ।

### निम्तिएको जोखिम

सूचना प्रविधिको प्रयोग बढेसँगै साइबर अपराध पनि बढिरहेको छ । ह्याकिङ, फिसिङ, मालवेयर आक्रमणहरू प्रविधिमा आधारित प्रणालीहरूको कमजोर पक्षलाई लक्ष्य बनाउँदै आएका छन् । बैंकिङ प्रणाली, सरकारी डेटा, अस्पतालको अभिलेख तथा व्यक्तिगत गोपनीयता सुरक्षित राख्न गाह्रो बन्दै गएको छ । साइबर आक्रमणहरूका कारण वित्तीय क्षति मात्र नभई राष्ट्रिय सुरक्षामा समेत असर पर्ने सम्भावना रहन्छ ।

डिजिटल प्रविधिले प्रत्येक व्यक्तिको गतिविधि ट्र्याक गर्न सक्षम बनाएको छ । सामाजिक सञ्जाल, मोबाइल एप्स तथा अनलाइन सेवाहरू प्रयोग गर्दा व्यक्तिहरू अन्जानमा आफ्ना व्यक्तिगत डेटा साझा गरिरहेका हुन्छन् । ठूलो प्रविधि कम्पनीहरू डेटा संकलन गरी प्रयोगकर्ताहरूको व्यवहार विश्लेषण गर्न सक्षम छन्, जसले निजी सूचनाको दुरुपयोगको सम्भावना बढाउँछ ।

सूचना प्रविधिको सहज पहुँचले गलत सूचना, अफवाह र दुष्प्रचार फैलाउने कार्यलाई पनि तीव्र बनाएको छ । सामाजिक सञ्जालमा अनियन्त्रित रूपमा फैलिने गलत समाचारहरूले जनमानसमा त्रास, अविश्वास र सामाजिक विभाजन निम्त्याउन सक्छ । झूटा समाचारहरू चुनावी प्रक्रियामा हस्तक्षेप गर्न, सांस्कृतिक तथा धार्मिक असहिष्णुता भड्काउन तथा व्यक्तिगत छविमा नकारात्मक प्रभाव पार्न प्रयोग भइरहेको छ ।

अनलाइन प्लेटफर्महरूमा अत्यधिक समय बिताउनु मानसिक स्वास्थ्यका लागि हानिकारक हुन सक्छ । सामाजिक सञ्जालको दुरुपयोगले मानिसहरूलाई निराशा, डिप्रेसन र एक्लोपनको सिकार बनाउने सम्भावना उच्च हुन्छ । साथै, कृत्रिम रूपमा फिल्टर गरिएका तस्बिर तथा सफलता देखाएर उत्पन्न हुने तुलनात्मक मनोवृत्तिले आत्मसम्मानमा गिरावट ल्याउन सक्छ ।

सूचना प्रविधिको विकाससँगै स्वचालनको प्रयोग बढ्दै गएको छ, जसले परम्परागत रोजगारी गुम्ने सम्भावना बढाएको छ । प्रविधिले उत्पादन प्रक्रियालाई तीव्र र लागत-कम बनाएको छ, तर यसले थुप्रै जनशक्तिलाई विस्थापित गरिरहेको छ । खासगरी, कृत्रिम बुद्धिमत्ता र रोबोटिक्सको प्रयोग बढेसँगै साधारण श्रममा आधारित रोजगारी घट्ने खतरा छ ।

सूचना प्रविधिको दुरुपयोग विभिन्न अपराधहरूमा भइरहेको छ । साइबर बुलिङ, अनलाइन ठगी, डिजिटल ब्ल्याकमेल तथा अवैध गतिविधिहरू प्रविधि प्रयोग गरी गर्न सहज भएको छ । सामाजिक सञ्जालमा नक्कली पहिचान बनाएर ठगी गर्ने, गलत सूचना फैलाउने तथा साइबर स्टकिङ गर्ने घटनाहरू सामान्यजस्तै भएका छन् ।

### निष्कर्षमा

सूचना प्रविधिले जीवनलाई सहज, प्रभावकारी र गतिशील बनाएको छ, तर यसको प्रयोगसँगै उत्पन्न हुने जोखिमहरूलाई बेवास्ता गर्न सकिन्न । प्रविधिको अत्यधिक प्रयोगले आज हाम्रा नेपाली समाजहरू प्रत्यक्ष प्रभावित भएका छन् । मानिसहरू भौतिक रूपमा जति नजिक छन्, प्रविधिको कारणले उनीहरूबिचको व्यक्तिगत सम्पर्क भने घट्दै गएको छ । स्मार्टफोन, ट्याब्लेट तथा कम्प्युटरमा व्यस्त रहनाले परिवारभित्र संवाद कम हुँदै गएको छ, जसले सामाजिक सम्बन्धहरू कमजोर बनाउन सक्छ ।

अर्कोतर्फ, साइबर सुरक्षाको सुदृढीकरण, डिजिटल साक्षरताको प्रवर्द्धन तथा प्रविधिको सन्तुलित प्रयोगद्वारा यी जोखिमहरू न्यूनीकरण गर्न सकिन्छ । प्रविधिको सदुपयोग गर्न सकिएमा यसले आर्थिक, सामाजिक तथा व्यक्तिगत रूपमा सकारात्मक परिवर्तन ल्याउन सक्छ, अन्यथा यसको दुरुपयोगले समाजमा गम्भीर समस्या उत्पन्न गराउन सक्छ । अतः प्रविधिको विवेकशील तथा उत्तरदायी प्रयोग नै सुरक्षित डिजिटल भविष्यको आधारशिला हो ।

**(लेखक, सूचना प्रविधि क्षेत्रका विज्ञ हुन् ।)**

## सामाजिक सञ्जाल



**राज ढकाल**

इन्द्र जात्रा बहिस्कार, सहिद दिवस बहिस्कार, वसन्त पञ्चमी बहिस्कार । काठमाडौंको मेयरले संस्कृति र धर्ममाथि खुलेआम अवहेलना गरेका मात्र छैनन् कि अतिक्रमण पनि गरेका छन् । यस्ता मेयरलाई छनोट गर्ने भीडलाई बधाई । राष्ट्रपति र प्रधानमन्त्री आउने भएपछि मुख लुकाएर भाग्ने मेयर केको मेयर ?



**पुरुषोत्तम ढुंगेल**

समानुपातिकको कोटामा दलित, पीडित, पिछडा जाति, जनजातिहरूको प्रतिनिधित्व हुँदैन भने यो घाँडो कोटा किन राखेको ? नेताहरूको नजिकका भर्ति केन्द्र बनाउन ? संविधानमा उल्लेख गरेभन्दा फरक किन ? गरिब जनताले ५० डिग्रीको तापक्रममा खुन पसिना बगाएर पठाएको रुपैयाँले श्रीमती पाल्ने कोटा बन्द गरौं ।



**सुवास पौडेल**

रोजगारी, उत्पादन र युवा पलायन बन्द गर्ने सन्दर्भमा सत्तामा हुँदा जिरो काम गरेर परिवार र हलिको पुस्तौं पुस्ताका लागि २४ घण्टा काम गरेका लालहरू सत्ता बाहिर हुलाकी मार्ग र थारुको घर सम्झन्छन्, प्रचण्डलाई सानो सुझाव स्थायी कमिटीका सबै सदस्यको सम्पत्ति छानबिन गरी राज्यलाई फर्काउनुस् ।



**शर्मिला आचार्य**

पाथीभरामा केबलकार सञ्चालन सम्बन्धमा अहिले विवाद उत्पन्न भएको छ । कुनै पनि व्यापारीलाई एकल नाफाका लागि दिनु अघि त्यहाँका स्थानीय नागरिकहरूको पेसा, रोजगार, सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय प्रभावका बारेमा मनन गर्न जरुरी छ । स्थानीयको राय विपरीत नगरियोस् ।

# स्तर र तह वृद्धि माग गर्दै पालिकामा तालाबन्दी




**मलंगवा/मस-** स्तर र तह वृद्धि नगरेको भन्दै सर्लाहीको कविलासी नगरपालिकामा कार्यरत कर्मचारीहरूले पालिकामा तालाबन्दी गरेका छन् ।

पालिकाले स्तर र तह वृद्धिको लागि ढिलाई गरेकोले कर्मचारीहरू पालिकाको मूल ढोकामा धर्ना दिई तालाबन्दी गरेका हुन् ।

पुस महिनामै स्तर र तह वृद्धि गर्नुपर्नेमा आजसम्म पालिकाले आनाकानी गरेको भन्दै आफूहरू तालाबन्दी गरेको उनीहरूले बताएका छन् । पालिकाले स्तर र तहवृद्धिका लागि सूचना प्रकाशित गरेको थियो । सूचनाबमोजिम आफूहरू सम्पूर्ण कागजात पूरा गरी आवेदन समेत दिएको र आजसम्म पालिकाले कुनै सुनुवाई नगरेको कविलासी नगरपालिकाका प्राविधिक सहायक रामवचन रायले बताए । पालिकाले स्तरवृद्धिको नाममा आलटाल गरेपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको रायले बताए । संविधान प्रदत्त हक अधिकारलाई समेत ख्याल नगरी कर्मचारीको वृद्धि विकासमा पालिकाले बाधा पुर्‍याउने काम गरेको रायको आरोप छ ।

युएईमा रोजगार
कम्पनी: URBAN SCIENCE BUILDING CONTRACTING L.L.C — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/०६/३० — चलानी नं.: ६०२२६६४५ — LT. No.: 312236 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Helper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Vehicle Driver | 2 | 0 | | 1500 | ५६७७५ | | | | | | | |
| 3. | Office Administration | 3 | 0 | | 1500 | ५६७७५ | | | | | | | |
| 4. | Office Supervisor | 1 | 0 | | 1500 | ५६७७५ | | | | | | | |
| 5. | Tile Layer | 1 | 0 | | 1200 | ४५४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

Government of Madhesh Province
## Ministry of Physical Infrastructure Development
## Infrastructure Development Directorate
# Infrastructure Development Office
Kalaiya, Bara

## Invitation for Bids

**Date of publication: 06 February, 2025**

1. Infrastructure Development Office, Kalaiya, Bara has allocated funds towards the cost of as per "The Work" and intends to apply part of the funds to cover eligible payments under the Contract for as per "The Work". Bidding is open to all eligible as per Section V of bidding document under 1S2E.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:-
   **Name of the Bank : Rashtriya Banijya Bank Ltd.**
   **Name of Office : Infrastructure Development Office**
   **Office Code no. : 3370121012**
   **Account no. : 1000100200010000**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
   **Bid Fee:- : as in "The Work"**
   **Last Date of bid fee deposit : 07 March, 2025**
4. Pre-bid meeting shall be held at Infrastructure Development Office, Kalaiya, Bara on 02 March, 2025, at 14:00 o'clock.
5. Electronic bids must be submitted to the office Infrastructure Development Office, Kalaiya, Bara through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 O'clock on 09 March, 2025. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 o'clock at the office of Infrastructure Development Office, Kalaiya, Bara. Bids must be valid for a period of "The Work" after bid opening and must be accompanied by a bid security amounting to a minimum of as in "The Work", which shall be valid for 30 days beyond the validity period of the bid (i.e.06 August, 2025)
   Information to deposit the bid security in Bank:-
   **Name of the Bank : Rashtriya Banijya Bank Ltd.**
   **Name of Office : Province Treasury Controllers' Office, Kalaiya, Bara**
   **Office Code no. : 3370121012**
   **Account no. : 1260100202030000**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**The Work:-**

| S. N. | Name of Project | Contract Id. | Estimated Amount | Bid Fee | Bid Security | Bid Validity | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Upgradation of Kolhbi Khaira Parsauna Jautapur Simara sadak, Bara under One Electoral Area One Road Program and Simraungadh Bazar Nayka Tole Ramnagar Charmohana Pasurampur Samma Sadak, Bara under One Electoral Area One Road Program, Electoral Area - Bara 1 (Ka) and (Kha) | IDOBARA/ NCB/W/ 09/2081/082 | 1S2E | NRs. 20000.00 | NRs. 78,00,000.00 | 120 days | |
| 2 | Upgradation of Bariyarpur Ganj bhawanipur Madhuban Naya basti ( Ganjbhawanipur MRM) bariyarpur Sadak, Bara under One Electoral Area One Road Program and Majhriya Main nahar dekhi Dakshin musharna Bagahi Jamuniya Border samma sadak, Bara under One Electoral Area One Road Program, Electoral Area - Bara 2 (Ka) and (Kha) | IDOBARA/ NCB/W/ 10/2081/082 | 1S2E | NRs. 20000.00 | NRs. 79,00,000.00 | 120 days | |
| 3 | Upgradation of Jotpur dekhi Nilkanthwa, Mathiarwa, Basatpur hudai Phulbariya, Sitalpur Math samma sadak, Bara under One Electoral Area One Road Program, Electoral Area - Bara 3 (Kha) | IDOBARA/ NCB/W/ 11/2081/082 | 1S2E | NRs. 10000.00 | NRs. 40,00,000.00 | 120 days | |
| 4 | Upgradation of Ji. Si. Upmaha Na. Pa.-10 Behra, Gamhargawa, Bakuliya hudai Farhadwa samma Sadak, Bara under One Electoral Area One Road Program and Prasuni Bazar dekhi Dakshin Naktuwa Nahar hudai Itiyahi Bishrampur Ga. Pa. Karyalaya Musharwa Balirampur Jodne sadak, Bara under One Electoral Area One Road Program, Electoral Area - Bara 4 (Ka) and (Kha)" | IDOBARA/ NCB/W/ 12/2081/082 | 1S2E | NRs. 20000.00 | NRs. 76,00,000.00 | 120 days | |

**Act. Office Chief**

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालयको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/१०/२४ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २४३०२२/०७७/०७८ कायम भई मिति २०७७/०६/०९ मा दर्ता भएको ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ९ स्थित **जय अरस कम्पनी प्रा. लि.**

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. छबिलाल गजुरेलको नाती, राधेश्याम गजुरेलको छोरा, मकवानपुर जिल्ला, हटिया उ.म.न.पा/गा.वि.स. वडा नं. ७ बस्ने अबिनास गजुरेल ।

२. साधुराम सापकोटाको छोरी, अबिनास गजुरेलको श्रीमती, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. २१ बस्ने विनिता सापकोटा गजुरेल ।

३. धन बहादुर कार्कीको नाती, हस्त बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, छतिवन गा.वि.स. वडा नं. ६ बस्ने निरोज कार्की ।

४. राजु गौतमको छोरी, निरोज कार्कीको श्रीमती, मकवानपुर जिल्ला, आमभन्ज्याङ्ग गा.वि.स. वडा नं. ०७ बस्ने रमा गौतम ।

**धितो सुरक्षणको विवरण :**

**१. विनिता सापकोटा गजुरेलको** नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स/न.पा. वडा नं. २ को नक्सा सीट नं. २ को कित्ता नं. १८६६ को ०-९-१५ (बि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. धनी सानिमा बैंक लिमिटेड (ऋणी जय अरस कम्पनी प्रा.लि.) को नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालय, हेटौडा, मकवानपुर, नेपालमा दर्ता रहेको निम्न बमोजिमका सवारी साधन ।

| क्र.सं. | सवारी नम्बर | ईन्जिन नम्बर | च्यासिस नम्बर | मोडल | बनेको वर्ष |
|---|---|---|---|---|---|
| १ | बा.प्र. ०३ ००१ ख ०८४६ | 02L63847746 | MAT448137L3R13761 | TATA HCV Tipper | २०२० |
| २ | बा.प्र. ०३ ००१ ख ०८४७ | 02M63848797 | MAT448137L3R13762 | TATA HCV Tipper | २०२० |
| ३ | बा.प्र. ०३ ००१ ख ०८४५ | 02J63842280 | MAT448137L3R08904 | TATA HCV Tipper | २०२० |

सानिमा बैंक — www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

QATAR मा रोजगार — Free Nice Trading
पूर्व स्वीकृती मिति: २०८१/१०/२३ — चलानी नं.: ६०२३२४५९ — LT No. 318249

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 5 | 0 | काममा दक्ष | 1500 | ५७,३००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Electrical Welder | 2 | 0 | | 1200 | ४५,८००।- | | | | | | | |
| ३. | Labor | 10 | 0 | | 1000 | ३८,२००।- | | | | | | | |
| ४. | Welder | 3 | 0 | | 1200 | ४५,८००।- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन १ गते (13 Feb., 2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

GOLDEN CROWN OVERSEAS PVT. LTD. — Lic. No.: 1706/081/82
Binayak Marg, Sinamangal, Kathmandu, Tel.: 01-5922362
Email : goldencrown514@gmail.com, Web: gcopl.com

UAE मा रोजगार — Professional Security Systems LLC
पुर्व स्वीकृती मिति: २०८१/१०/२३ — चलानी नं.: ६०२३२४५१ — LT No.: 318250

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard Psbd | 40 | 30 | काममा दक्ष | 2000 | ७५,५००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | तलबमा समावेश | छ | २ वर्ष |
| २. | Security Guards Dps | 40 | 28 | | 1200 | ४५,०००।- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन १ गते (13 Feb., 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौमा हुनेछ ।

Orchid Overseas Pvt. Ltd. — Gov. Lic. No.: 889/067/068
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 901355479
Email : orchidoverseas.np@gmail.com / Website : www.orchidoverseasnepal.com

साउदीमा रोजगार
कम्पनी: ONE TIDE LAUNDRY ESTABLISHMENT — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१०/२३ — चलानी नं.: ६०२३२४६३ — L.T. No.: 318244

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

फ्यूचर माईन्डस् प्रा. लि. — श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

कुवेतमा रोजगार
कम्पनी : AL EID FOODS CO — शहर: KUWAIT
पुर्व स्वीकृत मिति: २०८१/०२/२७ — चलानी नं.: ६०२२०७६५ — LT. No.:306017 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers | 4 | 8 | स. काममा दक्ष | 100 | ४५,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

लाईफ लाईन ओभरसिज प्रा. लि. — श्रम इजाजत पत्र नं.: ३३७/०५५/०६०
गोगबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१, Mobile No: 9851040960 | 9851017534 | 9851180954
Drop your CV at Poc@lifelineoverseas.com

फ्रि भिषा फ्रि टिकट सहित युएई र कुवेतमा रोजगारको अवसर

कम्पनी :INTERNATIONAL THERMAL INSULATION & FIRE PROTECTION COMPANY - INTHERPRO — शहर : ABU DHABI
पुर्व स्वीकृत मिति: २०८१/०६/१० — चलानी नं.: ६०२२५८६२ — LT. No.:311333 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason (Nepal) | 43 | 0 | | 1200 | ४५,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १९ गते (5 Ocotber 2024) मा हुनेछ ।

कम्पनी : INSULCO INTHERPRO KUWAIT CO WLL — शहर : Kuwait
पुर्व स्वीकृत मिति: २०८०/११/१० — चलानी नं.: ६०२१५३३२ — LT. No.: 300278 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers | 16 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४५,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labor | 16 | 0 | | 100 | ४५,००४ | | | | | | | |

अन्तर्वार्ता उर्लाबारी ट्रेनिङ सेन्टर मोरङमा २०८१ माघ २७ गते (9 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता पिस ट्रेनिङ सेन्टर ललितपुरमा २०८१ माघ २८ गते (10 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Empower Human Resources Management Pvt. Ltd — Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057 9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

# ललितपुरका पत्रकारलाई पोलिगन कलेजमा ५० प्रतिशत छुट




**ललितपुर/मस**-स्नातकोत्तर तहको अध्ययन गर्ने ललितपुरका पत्रकारलाई पोलिगन कलेजमा ५० प्रतिशत छुट हुने भएको छ ।

बाग्मती गाउँपालिकाको सहकार्यमा नेपाल पत्रकार महासंघ ललितपुर शाखाले आयोजना गरेको खोजी पत्रकारिता तालिमका अवसरमा कलेज प्रमुख अविरल थापा र महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीले उक्त सम्झौतामा हस्ताक्षर गरेका छन् ।

महासंघ ललितपुर शाखा र कलेजबीच बुधबार भएको सम्झौता अनुसार तीन लाख पाँच सय रुपैयाँ लाग्ने स्नातकोत्तर तहको अध्ययनका लागि एक लाख पचास हजार रुपैयाँ अध्ययन गर्ने पत्रकारहरुले छुट प्राप्त गर्नेछन् । तीन वर्षसम्म लागू हुने यो सम्झौतापत्रअनुसार महासंघले प्रत्येक वर्ष पाँच जना पत्रकारलाई सिफारिस गर्न सक्ने पोलिगन कलेजका प्रमुख अविरल थापाले जानकारी गराए ।

सम्झौता पत्रमा हस्ताक्षरपश्चात मन्तव्य राख्दै कलेज प्रमुख थापाले पत्रकारितामा झुटो र प्रायोजित समाचार नलेख्न कसरी सचेतना जगाउनुपर्ने आवश्यकता रहेको बताए । पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर सन् २०१० देखि स्नातकोत्तर तहको पत्रकारिताको पढाइ संचालन गरिरहेको कलेजले अनलाइन तथा भौतिक माध्यमबाट कक्षा संचालन गरिरहेको कलेज प्रमुख थापाले जानकारी गराए ।

खोजी पत्रकारिता तालिमको उद्घाटनका अवसरमा मन्तव्य राख्दै बाग्मती गाउँपालिकाका अध्यक्ष बीरबहादुर लोप्चनले पत्रकारहरुलाई स्वच्छ र तथ्यपूर्ण पत्रकारितामा लाग्न आग्रह गरे । त्यस्तै, पुराना पत्रकार लक्ष्मणबहादुर बिष्टले उत्कृष्ट पत्रकारिता गर्ने एक महिला र एक पुरुष पत्रकारलाई सम्मान गर्नका लागि अक्षयकोष स्थापना गर्न महासंघ ललितपुर शाखालाई १ लाख रुपैयाँ दिने घोषणा गरे । अक्षयकोषमा राखिएको रकमको ब्याजबाट प्रत्येक वर्ष उत्कृष्ट पत्रकारलाई पुरस्कार प्रदान गर्न सकिने उनले बताए ।

महासंघ ललितपुरका अध्यक्ष रामहरि कार्कीले पत्रकारको क्षमता अभिवृद्धिका लागि खोज पत्रकारिता तालिम आयोजना गरिएको बताउँदै तालिमबाट सहभागी पत्रकारले लाभ हासिल गर्ने विश्वास व्यक्त गरे । तालिममा प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष एवं अग्रज पत्रकार भवानी बराल, पत्रकार शिरोमणि ढुंगाना, डिल्ली आचार्य, बाग्मती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि काफ्ले, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य ज्ञानप्रसाद पौडेल, निवर्तमान लेखासमिति संयोजक लेखनाथ न्यौपानेले पत्रकारहरुलाई खोजी पत्रकारिताका बारेमा सहजीकरण गरेका थिए । बागमती गाउँपालिकाका सूचना प्रविधि अधिकृत मिलन शर्माले गाउँपालिकाले २०८०/८१ र २०८१/८२ को हालसम्म सम्पादन गरेका कामहरुको विवरण प्रस्तुतीकरण गरेका थिए ।


## साउदीमा रोजगार

कम्पनी: HIGH INFLUENCE CATERING COMPANY शहर: HOFUF
पुर्व स्वीकृत मिति: २०८१/१०/२३ चलानी नं.: ६०२३२४६५ L.T. No.: 318234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Food And Beverage Attendant | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Asl Burger Catering Company शहर: RIYADH पुर्व स्वीकृत मिति: २०८१/१०/२३ चलानी नं.: ६०२३२४६७ L.T. No.: 318235

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Workers | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Branch Manager | 1 | 0 | | 6500 | २४०८९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ४ गते (16 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गोल्डेन इगल मेनपावर प्रा. लि.
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com



## कुवेतमा रोजगार

कम्पनी: BIDAYA INTERNATIONAL COMPANY FOR PUBLIC FACILITIES MANAGEMENT शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/१०/२३ चलानी नं.: ६०२३२४७९ L.T. No.: 318242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 0 | 5 | स. काममा दक्ष | 90 | ४०,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



Fusion International Pvt Ltd
Gov License No: 283/058/059
Panchakumari Marga, New Baneshwor,Kathmandu, Nepal
Tel 01-4465326 | 9805672246 Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com



## UAE मा रोजगार

कम्पनी: SANED FACILITY MANAGMENT L.L.C शहर: Sharjah
पूर्व स्वीकृत मिति: २०८१/१०/२२ चलानी नं.:६०२३२४५२ LT. No.: 318178

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners Male | 100 | 0 | | 1800 | ६८,१३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन १ गते (13 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४


# बाग्मतीमा ४ वटा ऐन संशोधन गरिँदै

**हेटौंडा/मस**- बाग्मती प्रदेशसभामा विभिन्न ४ वटा ऐन संशोधनका लागि टेबल गरिएको छ ।

सभामुख भुवनकुमार पाठकका अनुसार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६, प्रदेश खेलकुद विकास ऐन २०७५, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ र प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ संशोधनका लागि बुधबार प्रदेशसभाको बैठकमा टेबल गरिएको हो ।

बैठकमा श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले प्रदेश खेलकुद विकास ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक सदनमा टेबल गरेका थिए ।

उद्योग, वाणिज्य भूमि तथा प्रशासनमन्त्री सुकुमाया तामाङले प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सदनमा टेबल गरेकी थिइन् ।

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१०/२४**

यस कार्यालय मातहतको सव डिभिजन वन कार्यालय, सुखड, कैलाली अन्तर्गत राष्ट्रिय वन क्षेत्रबाट आ.व.०८०/०८१ मा संकलन भई श्री बुलबुले रानी सा.व.उ.स. कम्पाउण्ड, घोडाघोडी नगरपालिका वडा नं. १०, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटका खयर जातको गोलिया काठ जम्मा थान १३५९ को परिमाण ५७६४।५६ क्यू.फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको २१ (एक्काइस) दिनभित्र वन निर्देशनालय, धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपरान्ह २:०० बजे भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आव्हान गरिन्छ ।

# डोल्पो बुद्ध गाउँपालिका

དོལ་པོ་བུདྡྷ་གྲོང་སེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## गाउँ कार्यपालिकाको कार्यालय

धो, डोल्पा
कर्णाली प्रदेश, नेपाल

## Invitation for Electronic Bids

**Date of publication: 06-02-2025 (2081-10-24 BS)**

1. Dolpo Buddha Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures.

| SN | Description of Works | Contract ID | Estimated Amount (Inclusive of VAT and PS Item) | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Himali Rangashala tatha Phalgaun Rangashal Parisarma Purwadhar Nirman Karya | DBRM/DOLPA/WORKS/NCB/04-081/082 | NRS. 64,95,291.00/- | 1,50,000/- | Bidding Document Fee NRs 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Rastriya Banijya Bank Ltd.** |
| **Name of Office** | : | **Dolpo Buddha Rural Municipality, Dolpa** |
| **Office Account no.** | : | **4540100301010002** |
| **Rajaswa (revenue) Shirshak no.** | : | **14229** |

4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 11:00 on 09-03-2025 (2081-11-25 BS). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 09-03-2025(2081-11-25 BS) at 13:00 at the office of Dolpo Buddha Rural Municipality, Dolpa.
